प्रदेश सरकार

प्रदेश नं ५

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

सचिव बैठक नः २०
मिति: २०७५।१०।१५

**उपस्थिति**

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव, | प्रदेश नं ५ |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री भरत मणि रिजाल | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री केशव राज आचार्य, | सचिव, | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री थानेश्वर गौतम | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री धनन्जय पौडेल, | सचिव, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री सनत कुमार दवाडी | सचिव | प्रदेश प्रमुखको कार्यालय |
| श्री यामनारायण देवकोटा, | सचिव, | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| **आमन्त्रित** | | |
| श्री यमकान्त पाण्डेय, | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

**निर्णयहरु**

१. गत सचिव बैठकहरुमा छलफल भई निर्णय भएका बार्षिक कार्यक्रम कार्यान्वयनमा पछि परेका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको बारेमा छलफल भयो । यस्ता कार्यक्रमहरुका सम्वन्धमा माननीय मुख्यमन्त्रीज्यूबाट निर्देशन भई सम्पादन हुन बाँकि रहेका निर्णयहरुको अविलम्व कार्यान्वयन गर्ने ।

२. आगामी माघ २३ गते हुने प्रदेश विकास परिषद्को बैठकका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक तयारी गर्ने ।यसका लागि आवश्यक पर्ने सहयोग अन्य मन्त्रालयहरुले समेत उपलब्ध गराउने ।

३. सबै मन्त्रालयहरुले जिल्ला एवम् स्थानीय तहमा कार्यान्वयन गरिरहेका कार्यक्रम एवम् क्रियाकलापहरुको जानकारी जिल्ला समन्वय समिति र सम्वन्धित स्थानीय तहहरुलाई समेत उपलब्ध गराइ दोहोरोपना आउन नदिन आवश्यक समन्वयका लागि अनुरोध गर्ने ।

४. प्रदेश स्थापना दिवसका सम्वन्धमा देहायबमोजिम गर्ने:

क. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मूल समारोह समिति र अन्य माननीय मन्त्रीज्यूहरुको संयोजकत्वमा उपसमितिहरु गठन गर्न प्रस्ताव गर्ने । मूल समारोहमा प्रदेशको संस्कृति झल्कने झाँकी प्रदर्शन गराई त्यसको मूल्यांकन एवम् उत्कृष्ट केही झाँकीहरुलाई पुरस्कृत गर्ने ।

ख. सामाजिक विकास मन्त्रालयले अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई परिचालन गरी स्वास्थ्य शिविर संचालन तथा रक्तदान कार्यक्रम आयोजना गर्ने ।

ग. प्रदेशभित्रका मन्त्रालयहरुका बीच हाजिरीजवाफ प्रतियोगिता आयोजना गर्ने । उक्त कार्यक्रमका लागि सबै मन्त्रालयका सचिवहरु सदस्य रहनेगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवलाई संयोजक तोक्ने ।

घ. प्रदेश स्थापना दिवसका अवसरमा प्रदेशका गतिविधि समेटी तयार गर्न लागिएको पुस्तिकाका लागि आवश्यक विवरण सबै मन्त्रालयहरुले अविलम्व उपलब्ध गराउने ।

ङ. प्रदेश अन्तर्गतका सरकारी निकाय सुरक्षा निकाय र सर्वसाधारण जनता समेत संलग्न गरी प्रदेश भित्रका मूल लोकमार्गहरुको सरसफाई गर्ने कार्यक्रम राख्ने । यसको समन्वयका लागि जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने ।

च. यसका अतिरिक्त सम्वन्धित समितिहरुले पहिचान तथा निर्णय गर्ने अन्य कार्यक्रमहरु संचालन गर्ने ।